जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २२० २०७८ साल चैत १९ गते शनिबार (2 Apr. 2022 Saturday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

कसैलाई सर्पले टोकिहालेमा

- नआत्तिऔं र विरामीलाई सान्त्वना दिऔं,
- सर्पको विष अत्यन्त छिटो फैलिने भएकोले प्राथमिक उपचारका नाममा समय खेर नफालौं,
- परम्परागत झारफूकको विधिमा नअलमलिऔं,
- जतिसक्दो चाँडो विरामीलाई अस्पताल तथा उपचार केन्द्र पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

यस अंक भित्र : २ पृष्ठमा : रेल सञ्चालनका लागि... ३ पृष्ठमा : १८ प्रतिशतले कोरोनाविरुद्धको.. ३ पृष्ठमा : कोलम्बोको हिंसात्मक विरोध..

# दुई कर्मचारीले दुई जिल्ला धान्दै



**दैनिक समाचारदाता**
**राजविराज, १८ चैत ।**

खाद्य प्रविधी तथा गुण नियन्त्रण डिभिजन कार्यालय लामो समयदेखी दुई कर्मचारीको भरमा संचालन हुँदै आएको छ। सो कार्यालयले उपभोक्ताको हीतका लागि बजार अनुगमनदेखी अन्य दैनिकी कार्य समेत सम्पादन गर्छ।

दुई जना कर्मचारीको भरमा संचालन हुँदै आएको यस कार्यालयले दुई जिल्ला पनि हेर्छ। संघिय सरकारको मातहतमा रहेको उक्त कार्यालय २०७५ असोज ११ गते देखी राजविराजमा स्थापना भएको हो।

उपभोक्ताको हितमा खाद्य वस्तुको विक्रीवितरण, गुणस्तर, म्याद भए नभएको, पसल उधोग दर्ता, नविकरण तथा सचेतना लगायतका क्षेत्रमा अनुगमन र गतिविधी संचालन गर्दै आएको कार्यालयले सप्तरी र सिरहा जिल्ला हेर्दै आएको छ।

दुई जिल्लाको बजार अनुगमन गर्ने जिम्मेवारी पाएको यस कार्यालयमा कर्मचारी र चार पाङग्रे सवारी साधन छैन्। जसको अभावले निकै समस्या भोग्नु परिरहेको कार्यालय प्रमुख सुरेश सिहको भनाई छ।

दुई जिल्ला हेर्ने उक्त कार्यालयमा अहिले एक जना प्रमुख र एक जना कार्यालय सहयोगी मात्र छन्। प्रमुख सिंहका अनुसार कार्यालयमा एक जना खाद्य अनुसन्धान अधिकृत, दुई जना प्राविधीक सहायक र एक जना कार्यालय सहयोगीको दरबन्दी रहेपनि प्राविधीक सहायकको दुबै पद रिक्त रहेको छ। एउटा मोटरसाईकलको भरमा दुई जिल्लाका बजार अनुगमन गर्नू पर्दा समस्या हुने गरेको उनको भनाई छ।

यस्तै बजार अनुगमनका क्रममा भेटिएका अखाद्य वस्तुहरुको परिक्षणका लागी नमुना संकलन गर्न ल्याउन खोज्दा मोटरसाईकलमा सम्भव नहुँदा भाडाका चार पाङ्ग्रे सवारीमा ल्याउदा चर्को मुल्य तिर्नुपर्ने बाध्यता रहेको प्रमुख सिंहले बताए।

उनले कर्मचारी अभाव बारे सम्बन्धित मन्त्रालयमा पहल थालेको र रिक्त दरबन्दी चाडै प्रक्रिया पुरा गरी पुर्ती गरिने आश्वाशन पाएको बताए।

आर्थिक वर्ष २०७८/०८९ को हाल सम्मको अवधीमा उक्त कार्यालयले सप्तरी र सिरहाका ग्रामिण र शहरी क्षेत्रका बजारमा ५२ पटक बजार अनुगमन तथा सोही अवधीमा होटलहरुमा ४४, हाट बजारमा ४ र संयुक्त बजार अनुगमन समिती मार्फत १८ पटक बजार अनुगमन गरिसकेको प्रमुख सिंहले जानकारी दिए।

त्यस्तै सोही अवधीमा जिल्लाका ५१ वटा उधोगहरुको अनुगमन समेत गरिसकेका सो कार्यालयले उपभोक्ता, उत्पादककर्ता र विक्रेताको सहभागितामा खाद्य स्वच्छता सम्बन्धि १७ वटा सचेतनामुलक कार्यक्रम समेत संचालन भइसकेको छ।

# पेट्रोलियम पदार्थको लोडरअनलोड ठप्प

**दैनिक समाचारदाता**
**काठमाडौं, १८ चैत ।**

राष्ट्रिय पेट्रोलियम व्यवसाय संस्थागत समन्वय समितिले अत्यावश्यक पेट्रोलियम पदार्थको लोडरअनलोड ठप्प पारेको छ।

इन्धन ढुवानी भाडालाई डिजेलको मूल्य अनुपातमा घटबढ हुनेगरी स्वचालित प्रणाली कायम गर्नुपर्ने, पेट्रोलियम व्यवसायीले पाइरहेको कमिसन वृद्धि गर्नुपर्ने लगायत माग राख्दै करिब दुई सातादेखि आन्दोलन गरिरहेका उनीहरूले शुक्रबारदेखि डिपोबाट इन्धन लोड र अनलोड नै बन्द गरेका छन्।

आइतबारबाट बिक्री नै ठप्प पार्ने चेतावनी व्यवसायीले दिएका छन्। अत्यावश्यक वस्तुको रूपमा रहेको इन्धनको 'लोडिङ' नै बन्द हुँदा त्यसको प्रत्यक्ष असर सर्वसाधारणको दैनिकीमा पर्ने देखिएको छ।

व्यवसायीले एकतर्फी रूपमा इन्धनको बिक्री वितरण अवरोध गरेको भन्दै नेपाल आयल निगमले जायज माग सम्बोधन गरिदिने बताएको छ।

यसअघि व्यवसायीका माग

*बाँकी अन्तिम पृष्ठमा*

# टिपरको ठक्करबाट विद्युत कर्मचारीको मृत्यु, पाँच जना घाईते

**दैनिक समाचारदाता**
**राजविराज, १८ चैत ।**

विद्युत मर्मतका लागी हिडेको प्राविधीक सहितको टोली सवार जिपलाई टिपरले ठक्कर दिदा एक जनाको मृत्यु भएको छ। दुर्घट्नामा जिपमा सवार पाँच जना कर्मचारी घाईते भएका छन्।

मृत्यु हुनेमा विद्युत वितरण केन्द्र बोदेबर्साइनका कर्मचारी बोलेरो चालक समेत रहेका सोही नगरपालिका ५ का २६ वर्षिय शिवराज यादव छन्।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार विहीवार साँझ पुर्व पश्चिम राजमार्ग अन्तर्गत खडक नगरपालिका ५ स्थित रंजितपुरमा विद्युत वितरण केन्द्र बोदेबर्साइनको प्रदेश २-०१-००१ च ०३३४ नम्बरको बोलेर जिपलाई पछाडीबाट आउँदै गरेको ना.७ख. २५५८ नम्बरको टिपरले ठक्कर दिएको हो।

टिपरको ठक्करबाट बोलेरोमा सवार सोही नगरपालिकाका शैलेश यादव, महेश चौधरी, बृजेश कुमार यादव, जयशंकर साह र सिरहाको लहान नगरपालिका निवासी अरुण कुमार सिह घाईते भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

घाईते सबैलाई उपचारका लागी अस्पताल पठाईएको तथा ठक्कर दिने गाडी र चालकलाई नियन्त्रणमा लिई दुर्घटनाबारे थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# आगलागिमा एक करोड मुल्य बराबरको क्षति

**दैनिक समाचारदाता**
**सिरहा, १८ चैत ।**

सिरहाको धनगढीमाई नगरपालिका वडा नं. १० धनगढीबजारस्थित तीन वटा पसलमा आगलागीहुँदा एक करोड मुल्य बराबरको धनमाल जलेर नष्ट भएको छ।

विहिवार राती स्थानीय गुञ्जेश्वर साहको कस्मेटिक पसल, विलेक्षण साहको जेनरल स्टोर र अशेश्वर साहको आईरण स्टोरमा आगलागीहुँदा नगद सहित करिव एक करोड मूल्य बरावरको धनमाल जलेर नष्ट भएको पीडितहरुले

*बाँकी अन्तिम पृष्ठमा*

## भावपूर्ण श्रद्धाञ्जली



हाम्रा श्रद्धेय एवं गैसस महासंघ नेपाल शाखा सप्तरीका तत्कालिन अध्यक्ष **शम्भुनन्द चौधरी**को आज पर्न गएको वार्षिक पूण्यतिथिको अवसरमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँको आत्माको चिरशान्तिको कामनाका साथ श्रद्धासुमन व्यक्त गर्दछौं।

**बलदेव मण्डल** — **अध्यक्ष**
**दिपककुमार झा** — **सचिव**
**एवं**
**गैसस महासंघ नेपाल सप्तरी, परिवार**

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, **www.janajyoticoop.com.np**

## सम्पादकीय

# दुर्घटनाबाट बचौं र बचाऔं

सप्तरीमा सवारी दुर्घटनामा पुनः बढ्दै गएको छ। जिल्लामा दिनहुँ जसो दुर्घटना भइरहेको छ। दुर्घटनामा सबैभन्दा बढी मोटरसाइकल दुर्घटना हुने गरेको छ। २० देखी ३० वर्षसम्मका नवयुवकहरु दुर्घटनामा बढी ज्यान गुमाउने गरेको प्रहरी तथ्याङ्कले देखाएको छ। यसरी सवारी दुर्घटनालाई न्यूनिकरण गर्नका लागि प्रहरीले विभिन्न सचेतनामूलक कार्यक्रमदेखी सवारी चालकलाई चेतना समेत दिदै आएका छन्।

यस्तै लामो तथा छोटो दुरीका सवारी चालकलाई समय समयमा दुर्घटना न्युनिकरणका लागि जनचेतना दिएको पाइन्छ। तर, हलुका सवारीको रुपमा लिइने मोटरसाइकल चालकलाई भने त्यस्तो कुनै सचेतना दिएको पाइन्न्। मोटरसाइकल दुर्घटना हुने प्रमुख कारण गति अनियन्त्रित हुनु हो। यसका लागि स्वयम युवाहरुले आफैले गति नियन्त्रण गर्नुपर्दछ। तर, त्यो गरिएको पाइन्न्।

यसबाहके अभिभावक पनि उत्तिकै गैरजिम्मेवार भएको देखिन्छन्। सवारी अनुमति पत्र बिना नै नयाँ नयाँ मोटरसाइकल खरीद गरेर उनीहरुले आफ्ना बालबालिकालाई प्रोत्साहित गरेको देखिन्छ। यसका लागि अभिभावकले आफ्ना बालबालिकालाई संयमताका साथ गुडाउन नभन्नु र समय समयमा उनीहरुको गतिविधी समेतमा ध्यान दिन नसक्नु पनि हो। तसर्थ गति बढाएर दुर्घटनालाई निम्त्याउनु भन्दा सवारीसाधनलाई बिस्तारै चलाएर आफ्नो गन्तव्यतर्फ जान सबैले ध्यान दिनु उत्तिकै जरुरी छ।

# रेल सञ्चालनका लागि सम्पूर्ण तयारी पूराः शनिबार उद्घाटन हुने कार्यक्रम

**सञ्चिता घिमिरे**
काठमाडौँ, १८ चैत (रासस)।

धनुषाको कुर्थादेखि भारतको जयनगरसम्म नियमित रुपमा रेल सेवा सञ्चालनका लागि सबै तयारी पूरा भएको छ। प्रधानमन्त्री शेरबहादुर देउवा र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले शनिबार नयाँ दिल्लीबाट संयुक्त रुपमा 'फ्लाग अफ' गरी यसको उद्घाटन गर्ने कार्यक्रम छ।

नेपालमा रेल सेवा सञ्चालनका लागि गत २०७७ असोज २ गते भारतबाट रु ८४ करोड ६५ लाखमा दुई सेट रेल खरिद गरिएको थियो। खरिद गरिएको डेढवर्षपछि रेल सेवा सञ्चालन हुन लागेको हो। पहिले पुरानो प्रविधिको रेल सञ्चालनमा आएपनि आधुनिक प्रविधिको यो नै पहिलो रेल सेवा रहेको छ। यो रेल सेवा सुरु भएसँगै नेपालको रेल यातायाततर्फको अर्को यात्रा सुरु हुनेछ।

शनिबार रेल गाडीमा दुबै देशका प्रतिनिधि सवार भएर भारतको जयनगरबाट नेपालको कुर्थातर्फ जाने रेल विभागका प्रवक्ता (सिनियर डिभिजनल इञ्जिनीयर) अमन चित्रकारले जानकारी दिनुभयो। अन्तरदेशीय रेल सेवाका रुपमा सञ्चालन हुने रेलमार्गमा जकनकपुर आएपछि भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवलगायतका व्यक्ति कुर्थासम्म जाने कार्यक्रम छ। उहाँ कुर्थासम्म पुगेर फर्किएर जनकपुर आउनुहुनेछ भने रेल पुनः जयनगर जाने उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "रेलगाडीले स्वागत गरेर कुर्थासम्म जानेछ।"

शनिबार उद्घाटन भएपछि आइतबारदेखि नै तालिकाअनुसार नियमित रेल चल्ने नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक नीरञ्जन झाले बताउनुभयो। उहाँका अनुसार दिनको दुई पटक आउने र दुई पटक जाने गरी समय तालिका निर्धारण गरिएको छ। जयनगरबाट ८:३० र ३ बजे छुट्नेछ भने कुर्थाबाट १०:३० र ५:१५ मा अर्कौ रेल छुट्ने उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "आइतबारबाट नै नियमित रुपमा रेल चलाउन हाम्रो तयारी पूरा भइसकेको छ।"

भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भएको सो रेलमार्गमा सञ्चालनका लागि सरकारले दुई सेट 'डेमो ट्रेन' (डिजेल इलेक्ट्रिक मल्टिपल युनिट) ल्याइएको थियो। एउटा रेलमा एक हजार ३५० यात्रु यात्रा गर्न सक्ने महाप्रबन्धक झाले जानकारी दिनुभयो। यात्रुले आफ्नो साथमा साना झोला लैजान पाउने छन्। तत्काल सञ्चालनमा आउन लागेको यात्रुबाहक रेलगाडी हुन्। अहिले सञ्चालन हुन लागेको कुर्थाबाट जयनगरसम्मको रेलमार्गको निर्माण दुई वर्ष पहिले नै सकिएको थियो।

हाल ३५ किमी लम्बाइमा रेल सञ्चालन हुनेछ। कुर्थादेखि बिजुलपुरासम्म थप १७ किमी रेलमार्गको निर्माण अन्तिम चरणमा पुगेको छ र त्यो सकिएपछि ५२ किमीमा रेल सञ्चालन हुनेछ। कुर्थाबाट बिजुलपुरासम्मको निर्माण झण्डै सकिएको र अबको दुईचार महिनामा रेल सञ्चालन गर्न सकिने विभागका प्रवक्ता चित्रकारले जानकारी दिनुभयो। ३५ किमीमा आठ ठाउँमा रेल रोक्न सकिने छ।

नेपालले खरिद गरेको रेलगाडी छोटो दूरीमा रोकिन र सञ्चालन गर्न उपयुक्त हुने प्रवक्ता चित्रकारले बताउनुभयो। यसले छोटो समयमा नै गति बढाउन र रोक्न सकिने हुन्छ। एउटा स्टेशनबाट चार पाँच किलोमिटरमा अर्को स्टेशन आउँछ। यसको डिजाइन स्पिड यात्रुबाहक गाडीमा एक सय किमी प्रतिघण्टा रहेको छ। मालबाहक गाडीमा भने ६५ किमी प्रतिघण्टा रहने उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "त्यही रेलमार्गमा यात्रु लैजाँदा चाँडो लैजान सक्ने भयो भने सामान लैजाँदा बढी समय लाग्दछ।" डेढवर्ष पहिले आइपुगेको रेल विभिन्न समस्याका कारण सञ्चालन हुनसकेको थिएन। कहिले कर्मचारी नहुने त कहिले कानुनको अभावले गर्दा लामो समय रेल सेट उसै थन्किएको थियो। अहिले सबै किसिमका तयारी सकिएकाले सञ्चालनका लागि बाटो खुलेको हो।

भारतको सरकारी कम्पनीमार्फत नै रेल सेट खरिद भएको हो। दुई सरकारबीच सम्झौता भई (जिटुजी) रेल खरिद

*बाँकी तीन पृष्ठमा*


## आइगलग्गी सँ बचबाक लेल स्थानीय विपद जोखिम न्यूनिकरण समितिके सर्वसाधारणमें अनुरोध

असावधानी के कारण हरेक बर्ष सप्तरी जिला मे आइगलग्गी सँ जान आ माल के क्षति भ रहल छैक। आइगलग्गी सँ असामयीक मृत्यु सेहो भ सकैत अछि, तैं आइगलग्गी के रोकथाम के लेल निम्न उपाय सब अपनाउ आ आइगलग्गी सँ बचु आ बचाऊ।

- गाम घर मे घुर के कारण बेसी आइगलग्गी होयत छैक, तैं अनावश्यक घुर नै करु, घुर के आइग के नीक जकाँ मिझा क/बुता क सुतु आ घुर सँ आइग नहि लागय तै प्रति सब गोटे सजग आ सतर्क रहु।
- चुल्हाक आइग नीक सँ मिझाउ/बुताउ, चुल्हा पर खाना बनबैत काल पाईन चुल्हा के लग मे जरुर राखल करु।
- बौवा बुच्चीके आइग सँ दूर राखु।
- हवा बसात के समय मे आइग नै पजारु। सकभर भोरे खाना बनाउ आ हवा बसात कम भेलाक बादे खाना बनाउ।
- बिडी, सिगरेट पी क जथाभावी नै फेकु।
- चुल्हाके आइग बारी मे रहल छाउरक ढेरी पर मिझा क/बुता क मात्रै फेकल करु।
- बच्चा, वृद्ध, अपाङ्ग, गर्भवति आ सुत्केरी महिला सभ आइगक चपेट मे जल्दी पइर सकैत अछि तैं हिनका सबके आइगलग्गी सँ बचयबाक लेल सब गोटे सतर्क रही।
- जौं कतौ आइगलग्गी भ जाय त खाली हाथ नै जाक कमसेकम बाल्टिन या घैला मे पाइन ल क दौरु आ अविलम्ब आइग मिझाब/बुताब मे एक दोसर के सहयोग करु।
- जौं कतौ आइगलग्गी भ जाय त बारुणयन्त्र के तुरन्त खबर करु।
- भोर के ९ बजे तक खाना पकाक चुल्हा के आइगकै नीक जकाँ मिझाउ/बुताउ।
- खाना पकाब काल खर पातके प्रयोग केला पर आइगलग्गी भ सकैय तै के लेल पूरे सावधानी अपनाउ आ चुल्हाके नजदिक मे एक गोटे अनिवार्य रहल करी।
- दुपहरके समयमे हावा बेसी चलैके कारण भोर ९ बजे के बाद चुल्हा नै पजारु।
- घरके नजदिक मे थ्रेसर सञ्चालन नै क के घरसँ दूर या खेतमे सञ्चालन करु।
- सलाई, लाइटर, मट्टितेल लगायतके अन्य पेट्रोलियम पदार्थ बालबच्चा के पहुँच सँ दूर राखल जाउ।
- घरमे एक बाल्टीन पाइन २४से घण्टा राखल करी
- गोहालीमे घुर पजारैतकाल सावधानी अपनाउ।
- घरके कोनो सहज ठाममे २/४ बोरा बालु राखु जैस कहिँ कतौ आइगलग्गी भेला पर मिझाब मे/बुताब मे सहयोग हेतै।
- घर आ गोहालीमे लगायल टाट के नीक जकाँ माइट सँ दुनु दिस लेवा लगाउ।
- आइग सँ हुअ बाला जोखिम आ धनजनके क्षति के बारेमे परिवारके सदस्य सबके जानकारी कराक सजग आ सतर्कता अपनाउ।
- गाम घरमे बारुणयन्त्र आब बाला रस्ता बाट खुल्ला राखु आ बारुणयन्त्रके पोखइर सँ पाइन भर मे आ आइगलग्गी नियन्त्रण करबा मे सहयोग करी
- गामके पोखइरमे पाइन सञ्चित क के राखु।
- कहीँ कतौ आइगलग्गी भेला पर नजदिकके प्रहरी चौकी या जिल्ला प्रहरी कार्यालयके कन्ट्रोलके नम्बर ९८५२८९०२७० या १०० नम्बरमे जानकारी कराउ।
- ककरो जान या सम्पत्तिमे आइग लगेनाई अपराध छियै तैं एहेन काममे सहभागी नै होउ।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर सप्तरी**



पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८



**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



**डा. कालीप्रसाद यादव**
**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# १८ प्रतिशतले कोरोनाविरुद्धको खोप लगाउन बाँकी

**दैनिक समाचारदाता**
**काठमाडौं, १८ चैत ।**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अझै १८ प्रतिशतले कोरोनाविरुद्धको खोप लगाउन बाँकी रहेको बताएको छ ।

खोप अभियान सुरु भएको १४ महिना वितिसक्दा पनि अझै १८ प्रतिशतले खोप लगाउन बाँकी रहेको मन्त्रालयले जनाएको हो । मन्त्रालयले १८ वर्ष माथिका ८२.४ प्रतिशत र ९३.५ प्रतिशतले कम्तीमा एक मात्रा खोप लगाएको जनाएको छ ।

सरकारले चैत्र मसान्तसम्ममा १८ वर्षमाथिका एक करोड ९९ लाख २२ हजार १६४ जनालाई खोप दिइसक्ने लक्ष्य राखेको छ । त्यसमध्ये ४ करोड ६८ लाख १०९ मात्रा खोप लगाइएको मन्त्रालयलको तथ्यांकमा उल्लेख छ । जसमा पहिलोपटक एक मात्रा खोप लगाउनेको संख्या १ करोड ८७ लाख ६८ हजार ८३९ छ । त्यस्तै पूर्ण मात्रा खोप लगाउनेको संख्या एक करोड ९१ लाख १५ हजार ६५७ मन्त्रालयले जनाएको छ ।

नेपालको कूल जनसंख्या दुई करोड ९१ लाख ९२ हजार ४८० छ । जसमध्ये ६५.५ प्रतिशतले पूर्ण मात्रा खोप लगाएका छन् भने ७५.५ प्रतिशतले एक मात्रा मात्र लगाएका छन् । नेपालमा ११ वर्षदेखि १७ वर्षसम्मका ७३ प्रतिशतले पूर्ण मात्रा खोप लगाएका छन् भने सोही उमेर समूहका ९१.० प्रतिशतले एक मात्रा खोप लगाएका छन् । नेपालमा यस उमेर समूहको जनसंख्या ३४ लाख ५ हजार ४५५ रहेको छ ।

त्यस्तै २१ लाख ८३ हजार ९१३ जनाले बुस्टर डोज लगाएका छन् । बुस्टर डोजको पूर्ण मात्रा अघिल्लो मात्रा खोप लगाएको ६ महिना पुगेपछि अनिवार्य रुपमा लगाउनुपर्छ ।

---

## *रेल सञ्चालनका ...*

भएको हो । कम्पनीले रेल सञ्चालनका लागि दक्ष प्राविधिकसहित प्रशासनिकलगायत आवश्यक कर्मचारी भर्ना गरिएको छ । रेल सञ्चालनका लागि हाल २६ भारतीय र ५९ नेपाली कर्मचारी कार्यरत रहेको कम्पनीले जनाएको छ । भारतीय कर्मचारीमा खासगरी चालक दलका र केही इञ्जिनीयर रहेको महाप्रबन्धक झाले जानकारी दिनुभयो । कुर्थाबाट जयनगर वा जयनगरबाट कुर्था ३५ किमीका लागि सामान्य सिटमा रु ९० भाडादर तोकिएको छ । एसिका लागि भने त्यसको पाँच गुणा अर्थात रु ४५० तिर्नुपर्ने कम्पनीले जनाएको छ । कम दूरीमा यात्रा गर्दा स्वत भाडादर त्योभन्दा कम हुनेछ ।

रेलसम्बन्धी अध्यादेश पुनः जारी भएसँगै जयनगर-जनकपुर रेल सञ्चालनको बाटो खुलेको थियो । सरकारको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले रेल्वे अध्यादेश, २०७८ जारी गर्नुभएको थियो । यसअघि गत मङ्सिरमा नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम जारी भएको रेल्वे सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश सङ्घीय संसद्बाट पारित हुन नसक्दा स्वतः निष्क्रिय भएको थियो ।

संसद् अधिवेशन अन्त्य भएसँगै सरकारको सिफारिसमा राष्ट्रपति भण्डारीले पुनः रेल्वे अध्यादेश जारी गरेपछि रेल सञ्चालन गर्ने बाटो खुलेको थियो । जनकपुर-कुर्था रेलमार्ग निर्माणका लागि सरकारले भारत सरकारसँग सन् २०१० मा सम्झौता गरेको थियो । त्यसको एक डेढवर्ष पछिदेखि काम सुरु भएको थियो । भारत सरकारसँग सीमा क्षेत्रमा पाँच स्थानमा रेलमार्ग निर्माण गर्ने गरी सम्झौता भएको थियो । तीमध्ये जयनगर-कुर्था र विराटनगर-जोगबनीबाहेक अरु तीन स्थानमा निर्माणको काम सुरु हुन सकेको छैन । सीमा क्षेत्रमा निर्माण गर्ने भनिएको अरु तीन रेलमार्गमा जलपाइगुडी-काँकडभिट्टा, नौतनहवा-भैरहवा र नेपालगञ्जरोड-नेपालगञ्ज छन् ।

विगतमा लामो समयदेखि रेल सेवा ठप्प हुँदा रेल्वे कम्पनी पनि निष्क्रिय बनेको थियो । सरकारले रेल सञ्चालनका लागि ब्यूँत्याइएको थियो । नेपालमा राणाकालमै विसं १९८४ तिर भारतको रक्सौलदेखि नेपालको अमलेखगञ्ज तथा विसं १९९४ तिर जयनगरदेखि जनकपुरसम्म रेलसेवा थियो । विसं २०७० देखि रेलमार्ग सञ्चालन हुनसकेको थिएन । रेलमार्ग सुधार गरी जाने नेपाल भारतबीचको समझदारीअनुसार ब्रोड गेजमा यो रेलमार्गको निर्माण भएको हो ।

जयनगर-कुर्था-बर्दिवाससम्मको रेलमार्ग निर्माणको अनुमानित लागत रु पाँच अर्ब भारु रहेको छ । नेपाल सरकारले रेलगाडीको मूल्य रु एक अर्ब रहेको छ । विजुलपुराबाट बर्दिवाससम्म रेलमार्ग निर्माणका लागि जग्गा प्राप्ति काम अघि बढेको छ ।



## आइगलग्गी सँ बचबाक लेल स्थानीय विपद जोखिम न्यूनिकरण समितिके सर्वसाधारणमें अनुरोध

असावधानी के कारण हरेक बर्ष सप्तरी जिला मे आइगलग्गी सँ जान आ माल के क्षति भ रहल छैक । आइगलग्गी सँ असामयीक मृत्यु सेहो भ सकैत अछि, तैं आइगलग्गी के रोकथाम के लेल निम्न उपाय सब अपनाउ आ आइगलग्गी सँ बचु आ बचाऊ ।

- गाम घर मे घुर के कारण बेसी आइगलग्गी होयत छैक, तैं अनावश्यक घुर नै करु, घुर के आइग के नीक जकाँ मिझा क/बुता क सुतु आ घुर सँ आइग नहि लागय तै प्रति सब गोटे सजग आ सतर्क रहु ।
- चुल्हाक आइग नीक सँ मिझाउ/बुताउ, चुल्हा पर खाना बनबैत काल पाईन चुल्हा के लग मे जरुर राखल करु ।
- बौवा बुच्चीके आइग सँ दूर राखु ।
- हवा बसात के समय मे आइग नै पजारु । सकभर भोरे खाना बनाउ आ हवा बसात कम भेलाक बादे खाना बनाउ ।
- बिडी, सिगरेट पी क जथाभावी नै फेकु ।
- चुल्हाके आइग बारी मे रहल छाउरक ढेरी पर मिझा क/बुता क मात्रै फेकल करु ।
- बच्चा, वृद्ध, अपाङ्ग, गर्भवति आ सुत्केरी महिला सभ आइगक चपेट मे जल्दी पइर सकैत अछि तैं हिनका सबके आइगलग्गी सँ बचयबाक लेल सब गोटे सतर्क रही ।
- जौं कतौ आइगलग्गी भ जाय त खाली हाथ नै जाक कमसेकम बाल्टिन या घैला मे पाइन ल क दौरु आ अविलम्ब आइग मिझाब/बुताब मे एक दोसर के सहयोग करु ।
- जौं कतौ आइगलग्गी भ जाय त बारुणयन्त्र के तुरन्त खबर करु ।
- भोर के ९ बजे तक खाना पकाक चुल्हा के आइगकै नीक जकाँ मिझाउ/बुताउ ।
- खाना पकाब काल खर पातके प्रयोग केला पर आइगलग्गी भ सकैय तै के लेल पूरे सावधानी अपनाउ आ चुल्हाके नजदिक मे एक गोटे अनिवार्य रहल करी ।
- दुपहरके समयमे हावा बेसी चलैके कारण भोर ९ बजे के बाद चुल्हा नै पजारु ।
- घरके नजदिक मे थ्रेसर सञ्चालन नै क के घरसँ दूर या खेतमे सञ्चालन करु ।
- सलाई, लाइटर, मट्टितेल लगायतके अन्य पेट्रोलियम पदार्थ बालबच्चा के पहुँच सँ दूर राखल जाउ ।
- घरमे एक बाल्टीन पाइन २४से घण्टा राखल करी
- गोहालीमे घुर पजारैतकाल सावधानी अपनाउ ।
- घरके कोनो सहज ठाममे २/४ बोरा बालु राखु जैस कहिँ कतौ आइगलग्गी भेला पर मिझाब मे/बुताब मे सहयोग हेतै ।
- घर आ गोहालीमे लगायल टाट के नीक जकाँ माइट सँ दुनु दिस लेवा लगाउ ।
- आइग सँ हुअ बाला जोखिम आ धनजनके क्षति के बारेमे परिवारके सदस्य सबके जानकारी कराक सजग आ सतर्कता अपनाउ ।
- गाम घरमे बारुणयन्त्र आब बाला रस्ता बाट खुल्ला राखु आ बारुणयन्त्रके पोखइर सँ पाइन भर मे आ आइगलग्गी नियन्त्रण करबा मे सहयोग करी
- गामके पोखइरमे पाइन सञ्चित क के राखु ।
- कहीँ कतौ आइगलग्गी भेला पर नजदिकके प्रहरी चौकी या जिल्ला प्रहरी कार्यालयके कन्ट्रोलके नम्बर ९८५२८९०२७० या १०० नम्बरमे जानकारी कराउ ।
- ककरो जान या सम्पत्तिमे आइग लगेनाई अपराध छियै तैं एहेन काममे सहभागी नै होउ ।

**अनुरोधकर्ता**
**बलान बिहुल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मल्हनिया सप्तरी**



**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
**गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी**
**Phone :** 031-533774 / **Mo. No** : 9819721526, 9852820734


## विश्व समाचार

### कोलम्बोको हिंसात्मक विरोध प्रदर्शनमा अज्ञात 'अतिवादी' समूह सम्लग्न रहेको सरकारी दावी

श्रीलङ्का (कोलम्बो), १८ चैत (रासस-एएनआई) ।

श्रीलङ्काका राष्ट्रपति गोटाबाया राजापाक्षको कार्यालयले कोलम्बोको नुगेगोडास्थित जयन्ती पोस्ट नजिकै विरोध प्रदर्शनका क्रममा अज्ञात 'अतिवादी' समूहले हिंसात्मक स्थिति सिर्जना गरेको बताएको छ ।

राष्ट्रपतिको सञ्चार विभागको प्रेस विज्ञप्तिअनुसार फलामका लट्ठी, हँसिया र भाटाले सुसज्जित भीड प्रदर्शनकारीलाई उत्तेजित गर्न र शहरमा दङ्गाको स्थिति सृजना गर्न मिरिहाना पङ्गरिवाटास्थित श्रीलङ्काको राष्ट्रपतिको निवासतिर अघि बढेको थियो । यस विरोधमा संलग्न धेरै व्यक्तिलाई प्रहरीले गिरफ्तार गरेको र तीमध्ये धेरैलाई संगठित अतिवादीको रूपमा चिनाइएको कुरा पनि जानकारी गराएको छ ।

श्रीलङ्कामा 'अरब स्प्रिङ'को लागि आह्वान गर्दै विरोध प्रदर्शनको नेतृत्व गरेको विज्ञप्तिमा बताइएको छ । उक्त समूहले मानिसलाई उत्तेजित गर्न र देशलाई अस्थिर बनाउन सामाजिक सञ्जालको प्रयोग गरेर दङ्गा गराएको प्रशासनले जनाएको छ । द्वीप राष्ट्रका विद्यमान मुद्दा सम्बोधन गर्न सरकार असफल भएको भन्दै बिहिबार राजधानीलगायतका सहरमा विरोध प्रदर्शन गरिएको थियो ।

प्रदर्शनकारीको मिर्मिहानास्थित राष्ट्रपति राजापाक्षको निवास बाहिर प्रहरीसँग झडप भएको थियो । सेनाको बस र जीपमा प्रदर्शनकारीले आगजनी गरेका बताइएको छ । यसैबीच प्रहरी प्रशासनले कोलम्बोका विभिन्न क्षेत्रमा पनि कर्फ्यू लगाएको छ ।

"कोलम्बो नर्थ, कोलम्बो साउथ, कोलम्बो सेन्ट्रल र नुगेगोडा प्रहरी डिभिजनभित्र तत्काल लागू हुने गरी थप सूचना नभएसम्म प्रहरीले कर्फ्यू लगाएको छ," प्रहरी महानिरीक्षकलाई उद्धृत गरी डेली मिररले जनाएको छ । विरोधपछि पत्रकारसहित कम्तिमा दश जना घाइते भएका छन् ।

मिरिहानामा प्रदर्शनकारी र प्रहरीबीच झडप भएपछि घाइते भएपछि छ जनालाई कोलम्बो नेशनल अस्पतालमा भर्ना गरिएको छ । अर्को चार बिरामीलाई कालुबोवाइलास्थित कोलम्बो साउथ टिचिङ अस्पतालमा भर्ना गरिएको डेली मिरर पत्रिकाले आफ्नो समाचारमा उल्लेख गरेको छ । पर्यटन क्षेत्रको दुर्घटनाका कारण कोभिड-१९ महामारीमा परेर श्रीलङ्काको अर्थतन्त्र निकै खस्किएको छ ।

श्रीलङ्काले हाल विदेशी विनिमय अभावको सामना गरिरहेको छ जसले गर्दा खाद्यान्न, इन्धन, विद्युत, ग्यासको अभाव भएको छ र आर्थिक सहायताको लागि मित्र राष्ट्रको सहायताको खोजी गरेको छ । श्रीलङ्काले कम्तीमा पनि १० घण्टाको दैनिक विद्युत् कटौती गरिरहेको छ । मार्च ८ देखि अमेरिकी डलरविरुद्ध श्रीलङ्काली मुद्राको वैधानिक तरलता अनुपात झन्डै ९० अङ्कले अवमूल्यन भएको छ ।

### अफगानिस्तानमा ९० लाख मानिस भोकमरीको जोखिममा : राष्ट्रसंघ प्रमुख

अमेरिका (न्यूयोर्क), १८ चैत (रासस-एएनआई) ।

अफगानिस्तानको मानवीय अवस्थालाई मूल्याङ्कन गर्दै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले अफगानिस्तानमा ९० लाख मानिस भोकमरीको जोखिममा रहेको बताउँनु भएको छ ।

गुटरेसले ट्वीटरमा लेख्नुभएको छ, अफगानिस्तानको अर्थतन्त्र ध्वस्त भएको र संयुक्त राष्ट्रसंघ र यसका साझेदारले जीवन बचाउने सहायता प्रदान गर्न जारी राख्नका लागि दातालाई सहयोगका निम्ति आह्वान गर्नुभएको छ ।

"विगतका महिनामा अफगानिस्तानमा मानवीय अवस्था डरलाग्दोरूपमा बिग्रिएको छ । नब्बे लाख मानिस भोकमरीको जोखिममा छन् । अर्थव्यवस्था ध्वस्त भएको छ ।

गत वर्ष अगस्टमा अफगान सरकारको पतन र तालिबान सत्तामा फर्किएपछि अफगानिस्तानमा मानवअधिकारको अवस्था नाजुक भएको छ ।

देशमा द्वन्द्व समाप्त भए पनि मानवअधिकारको गम्भीर उल्लङ्घन जारी छ । तालिबानले गैरन्यायिक मृत्युदण्ड, जबरजस्ती बेपत्ता, यातना, स्वेच्छाचारी नजरबन्द, महिला र बालिकाको अधिकार ठूलो रोलब्याक, सेन्सरशिप र मिडिया विरुद्ध आक्रमणसहित मानवअधिकार उल्लङ्घन जारी राखेको छ ।

यसबाहेक अफगानिस्तानका मानिसले पनि अभूतपूर्व मानवीय सङ्कटको सामना गरिरहेका छन् जुन अन्तरराष्ट्रिय समुदाय, विशेष गरी अमेरिकाले अफगानिस्तानलाई सहायता कोष र विश्वव्यापी वित्तीय प्रणालीमा पहुँच गर्नबाट रोकेको निर्णय यथावत छ ।

### रुसको इन्धन डिपोमा युक्रेनको हवाई हमला

मस्को, १८ चैत (रासस-एएफपी) ।

युक्रेनी हेलिकप्टरले रुसको पश्चिमी शहर बेलगोरोडमा रहेको इन्धन भण्डारण केन्द्रमा आक्रमण गरेको स्थानीय गभर्नरले शुक्रबार बताएका छन् । व्याचेस्लाभ ग्लाडकोभले आफ्नो टेलिग्राम च्यानलमा लेखेका छन्, "युक्रेनी सेनाका दुई हेलिकप्टरले कम उचाइमा रुसी भू-भागमा प्रवेश गरेको हवाई हमलाका कारण पेट्रोल डिपोमा आगो लागेको थियो ।"

# अक्षर मेटाउन बालबालिकाले प्रयोग गर्ने इरेजरमा हानिकारक केमिकलको मात्रा उच्च

**दैनिक समाचारदाता**
**काठमाडौं, १८ चैत ।**

बालबालिकाले सिसाकलमले लेखेको मेटाउन प्रयोग गर्ने इरेजरमा 'फ्थालेट्स' नामक केमिकलको प्रयोग धेरै पाइएको एक अध्ययनले देखाएको छ । एसियाली देशहरूको नमुना अध्ययनका क्रममा नेपालमा प्रयोग गरिने इरेजरमा पनि फ्थालेट्स नामक केमिकलको प्रयोग अत्यन्तै धेरै प्रयोग भएको पाइएको हो ।

एउटा इरेजरमा शून्य दशमलव एक प्रतिशतभन्दा धेरै फ्थालेट्स प्रयोग भएमा त्यो हानिकारक मानिन्छ । नेपालमा उत्पादन हुने ५३ वटा कम्पनीको नमुना पठाइएकोमा चार वटा कम्पनीबाहेक सबैमा केमिकलको मात्रा धेरै रहेको पाइएको जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक राम चरित्र शाहले बताउनुभयो । बङ्गलादेशलगायतका कतिपय देशमा मापदण्डभन्दा एक सय २२ गुणसम्म बढी पाइएको उहाँले बताउनुभयो ।

आयातित इरेजरको तुलनामा नेपालमा उत्पादन गरिएका इरेजरमा केमिकलको मात्रा कम रहेकोले नेपालमा उत्पादन भएका इरेजर प्रयोगमा जोड दिनुपर्ने उहाँले बताउनुभयो । फ्थालेट्स केमिकलको प्रभावले हर्मोन उत्पादनमा असर गर्ने भएकाले बालबालिकाको मानसिक तथा शारीरिक विकासमा समेत असर पुऱ्याउने गर्छ । यसका साथै यो रसायनको प्रभावले प्रजनन क्षमतामा समेत असर पर्न सक्ने जनस्वास्थ्य तथा वातावरण प्रवर्धन केन्द्रका कार्यकारी निर्देशक शाहको भनाइ छ ।

## पेट्रोलियम पदार्थको ...

सम्बोधन गर्न भन्दै वाणिज्य तथा आपूर्ति मन्त्रालयकी सहसचिव राधिका अर्यालको संयोजकत्वमा एक उपसमिति गठन भएको थियो । गुणस्तर तथा नापतौल विभागका महानिर्देशक दिनानाथ मिश्र, निगम कार्यकारी निर्देशक उमेश थानी, निगमका प्रशासन प्रमुख नागेन्द्र साह र निगमकै नायव कार्यकारी निर्देशक सुशील भट्टराई सदस्य छन् । उपसमितिले तयार पारेको रिर्पोट अनुसार जायज माग सम्बोधन गर्ने निगमको भनाइ छ ।

## आगलागिमा ...



बताएका छन् ।

आगलागीले गुञ्जेश्वर साहको पसलमा रहेको सम्पूर्ण सामान, २ लाख ५० हजार नगद र २ तोलाभन्दा बढि सुनसमेत आगोमा परेको जनाएको छ । यस्तै विलेक्षण साहको पसलमा रहेको ५० हजार नगद र धेरै सामान जलेर नष्टभएको छ । पक्कि भवनसमेत कामै नलाग्नेगरी जलेको छ भने अशेश्वर साहको आईरन पसलमा समेत क्षति पुगेको छ ।

पसलकै पछाडी रहेको घरमा राती टिभि हेरेर बसिरहेको बेला पसलबाट धुवानिस्केको छिमेकिले देखेर हल्ला गरेपछि थाहा पाएको विलेक्षणले बताए ।

यता विद्युत सर्ट भएर आगो लाग लागि भएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी सुभास बुढाथोकीले जानकारी दिए । आगो स्थानीय, प्रहरी र गोलबजार, लहान र मिर्चैया नगरपालिकाबाट आएको दमकलले नियन्त्रण लिएको जनाएको छ ।

# काँग्रेसले चैत २१ भित्र वडा अध्यक्षको नाम सिफारिस गर्ने समय दियो

**दैनिक समाचारदाता**
**काठमाडौं, १८ चैत ।**

नेपाली कांग्रेसले वडा अध्यक्षका आकांक्षीका नाम सिफारिस गर्न तीन दिनको समय दिएको छ ।

कांग्रेस केन्द्रीय कार्यालयले बिहीबार ७७ जिल्ला कार्यसमितिलाई परिपत्र गर्दै चैत २१ भित्र पार्टीको उपल्लो तहमा पठाइसक्नुपर्ने जनाएको छ ।

केन्द्रका परिपत्रअनुसार जिल्ला कार्यसमितिले वडा कार्यसमितिलाई वडाध्यक्षका उम्मेदवारको सिफारिस गर्न परिपत्र गरेको छ ।

वडाध्यक्ष तथा वडा सदस्य पदमा उम्मेदवार हुन चाहनेबाट निवेदन आह्वान गर्ने र चैत २० मा बैठक गरेर वडाध्यक्षका लागि तीन जनाको नाम सिफारिस गर्न कांग्रेसको निर्देशन छ । वडाध्यक्ष सिफारिस गर्दा एक महिलासहित तीन जनाको नाम सिफारिस गर्नुपर्नेछ ।

यस्तै वडा सदस्यका लागि खुला दुई सिटमा दुई महिलासहित ६ जनाको नाम सिफारिस गर्नुपर्नेछ । दलित महिला कोटामा बढीमा तीन जना दलित महिला मात्र सिफारिस गर्न कांग्रेसको निर्देशन छ ।

वडा कार्यसमितिले वडाध्यक्षका लागि सर्वसम्मत उम्मेदवार चयन गर्ने हो भने पनि चैत २० मै टुंगो लगाउनुपर्नेछ । वडाले चैत २१ गते वडाध्यक्ष र वडा सदस्यहरूको नाम सिफारिस गरी पालिका कार्यसमितिमा पठाउनुपर्ने हुन्छ ।





खडक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सप्तरी



# भावपूर्ण श्रद्धाञ्जली



गैसस महासंघ नेपाल शाखा सप्तरीका तत्कालिन अध्यक्ष एवं सप्तरी सामुदायिक विकास केन्द्र, नेपालका अध्यक्ष **शम्भुनन्द चौधरी**को आज पर्न गएको वार्षिक पूण्यतिथिको अवसरमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँको आत्माको चिरशान्तिको कामनाका साथ श्रद्धासुमन व्यक्त गर्दछौं ।

**सप्तरी सामुदायिक विकास केन्द्र, नेपाल परिवार**



डढेलो नियन्त्रण गरौं, बातावरण जोगाऔं ।

**डढेलोले,**

- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- देशको आर्थिक समृद्धिमा प्रतिकुल असर पार्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- बाढीपहिरो तथा भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले, वन पैदावारको संकलन तथा खेती किसानी गर्दा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS Money Transfer (Money Transfer Made Easy), Best Remit (Quick & Easy), PRABHU Money Transfer (प्रभुको इच्छा; रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम), IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*